प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY
वर्ष-१६ ।। अङ्क : ११० ।। २०८१ जेठ १७ गते बिहिबार (30th May 2024 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

# आकाशबाट नबर्सिए सैनिक बस्तीबासीले पानी खान पाउँदैनन्

• **विनोद सापकोटा**

माईधार । झापामा मानिसले समेत पिउनका लागि आकाशबाट पानी पर्नुपर्छ भन्दा अपत्यारिलो लाग्न सक्छ। तर यो सत्य कुरा हो। शिवसताक्षी नगरपालिका वडा नम्बर १० को सैनिक बस्तीका ९० घर परिवारले पानी पिउनका लागि आकाशबाट पानी पर्नुपर्छ । अनिमात्र आवश्यकता अनुसार उनीहरुले पानी खान पाउँछन् ।

पानी माग्दा दही

'दिउँसो कोही कतैबाट पाहुना आएर पानी माग्नुभयो भने दिने उपाय हुँदैन । बरु दही नै दिने गरेका छौं,' स्थानीय यसै भन्छन् 'हुने खानेले बजारबाट जार र मिनरल वाटरको पानी ल्याएर राख्नुभएको छ । विशेष आगन्तुकले पानी पाउनु हुन्छ । नत्र, हुँदा खानेको घरमा मात्र होइन सैनिक बस्तीमा पिउनका लागि पानी पाईदैन ।

सैनिक बस्तीमा पिउने पानीको समस्या २०५२ सालदेखि जस्ताको त्यस्तै छ। स्थानीय भन्छन्, 'सांसद, मेयर र वडाध्यक्षको जीवनशैली हामीले दिएका भोटले परिवर्तन



भयो । तर, हाम्रौ आधारभूत आवश्यकता पिउने पानीको व्यवस्था हुन सकेन ।' स्थानीय पुष्प संग्रौला भन्छन् ,' यो देशमा नेताका लागि मात्र अधिकार बन्यो । जनताका लागि बन्न सकेको रहेनछ ।'

पिउने पानीका लागि आकाशकै भर

पिउनका लागि सैनिक बस्तीका ९० वटा घरमा आकाशबाटै पानी पर्नुपर्छ । आकाशबाट पानी नपरेको दिन भने कन्काई नहरको पानी स्थानीयले उपभोग गर्छन् । कतिपयले नहरमा मोटर पम्प राखेर पाईपको सहायताले घरैमा पानी ल्याउँछन् । कतिपयले डोकोमा घैला, जर्किनलगायतका भाडावर्तनमा पानी ल्याएर भण्डारण गर्छन् अनि आवश्यकता अनुसार उपभोग गर्छन् । संग्रौलाले अगाडि भने,'२९ वर्षदेखि यहाँका स्थानीयको समस्या जस्ताको त्यस्तै छ । यो गाउँ काकाकुल नै बनेको छ ।'

नहरको पानीले छालाको रोग

नहरबाट घरसम्म आएको पानीलाई स्थानीयले घरेलु विधि अपनाएर फिल्टर गर्ने गरेका छन् । त्यो पानी खाना पकाउनदेखि चिया, लुगाफाटा धुन, नुहाउन, पशु चौपाया, पंछी अथवा पानी जे जे कामका लागि चाहिन्छ, त्यसमा प्रयोग गर्छन् । स्थानीय रनमाया ओलीका अनुसार नहरको पानी उपभोग गर्दा छालाको रोग देखा पर्न थालेको छ ।

'छालामा खटिराजस्तो सानो फोका देखा पर्छ । फुट्छ अनि शरीर पुरै चिलाउँछ,' ओलीले भनिन् 'टाउको दुख्छ, चक्कर लाग्दा यो सबै पानी शुद्धिकरण हुन नसकेर हो कि भन्ने लाग्छ ।

नहरको पानी धमिलो आउन थालेपछि लुगा धुन र नुहाउन समस्या हुन थालेको स्थानीयले बताएका छन् । पूर्वी पहाडमा पानी परेपछि कनकाई नहरमा धमिलो पानी आउने गरेको छ ।

पानी पर्दा खुशी हुने गाउँ

आकाश धमिलिएका दिन घरमा भएका सबै भाडावर्तनहरू पानी थाप्नका लागि गाउँमै तयार गरिन्छ । पानी पर्ने भयो भनेर स्थानीय खुसी हुन्छन्। आकाशबाट पानी पर्‍यो भने बलेसीको पानीमा कति दिनदेखि ननुहाएको शरीर मज्जाले नुहाउँछन् । पानी पिउन र नुहाउन पनि आकाशकै भर पर्नुपर्ने यहाँको समस्याका बारेमा वडा अध्यक्षदेखि सांसदसम्म बेखबर छैनन् । तर, इच्छा शक्ति नहुँदा भने वर्षौंदेखिको समस्या समाधान हुन नसकेको स्थानीयले गुनासो गरेका छन् ।

आफ्नै कर्मलाई धिक्कार

आकाशबाट झरेको पानी घरको छानामा झरेपछि जस्ताको मगराको सहायताले त्यो पानीलाई ट्याङ्कीमा जम्मा गरिन्छ । अनि फिल्टर गरेर स्थानीयले उपभोग गर्ने गरेका छन्। टिभी, रेडियो, पत्रपत्रिका, फेसबुकबाट यस्तो समस्या हिमाली जिल्लाका विकट गाउँमा मात्र सुन्ने र देख्ने गरेकी सरस्वती तिम्सिनाले आफ्नै घरमा आफ्नै कर्मलाई धिक्कार्छिन् । ' मान्छेले पानी पिउन समेत नपाउने सरकारको यो कस्तो व्यवस्था हो,'? उनले प्रश्न गरिन् ।

पानी देखाएर भोट माग्छन्

'२०५२ पछिका हरेक निर्वाचनमा राजनीतिक दलका नेताले यहीको खानेपानीको समस्या समाधान गर्ने भनेर भाषण

❖ बाँकी अन्तिम पृष्ठमा

## हावाहुरीका कारण करोडौको क्षति

मेचीनगर(प्रस) । मंगलबार मध्यरातमा पानीसहित आएको हावाहुरीले झापा मेचीनगरका तीनवटा उद्योगमा अढाई करोड रुपैयाँभन्दा बढीको क्षति गरेको छ । मेचीनगर १० प्रगति टोल बस्ने ख्याम प्रसाईले संचालन गरेको शिवम् प्लाई उद्योगको ६ ट्रक बराबरको भेनियर पत्ता, सोहि उद्योगको छानो, भान्सा घरको छानोलगायत अन्दाजी मूल्य डेढ करोड रुपैयाँ बराबरको क्षति भएको छ । त्यस्तै सोही ठाउँ रहेको हलेसी भेनियर उद्योगमा एक करोड रुपैयाँको क्षति पुगेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

त्यस्तै डिल्लीराम श्रेष्ठले सञ्चालन गरेको सो भेनियर उद्योगको ७ ट्रक (ट्रकमा लोड गर्दा हुने परिमाण) भेनियर पत्ता, कामदार बस्ने कटेज, पिलिङ मेसिन, चाइनिज मेसिनसहित उद्योगको दुवैपट्टिको टिनको छानामा क्षति पुगेको छ ।

त्यस्तै, मेचीनगर-१० लालपानीमा रहेको सिद्धविनायक भेनियर उद्योगको १ ट्रक (ट्रकमा लोड गर्दा हुने परिमाण) भेनियर पत्ता, उद्योगको टिनको बेरा र छाना उडाउँदा १० लाख रुपैयाँ क्षति भएको सञ्चालक श्याम न्यौपानेले बताए । त्यस्तै मेचीनगर १० प्रगति टोल बस्ने यामप्रसाद आचार्यको घरको टिनको छानो उडाउँदा अन्दाजी मूल्य रु. ५० हजार बराबरको क्षति भएको छ भने मेदनी खनालको घरको टिनको छानो उडाई अन्दाजी मूल्य रु. ५० हजार, राधिका राजवंशीको टिनको छानो र टिनको वेरा भएको पसल अन्दाजी मूल्य रु. १० हजार बराबरको क्षति भएको छ । त्यस्तै इलाका प्रहरी कार्यालय धुलावारीमा कार्यरत प्रहरी कार्यालय सहयोगी अमित सुर्खेतीले कार्यालय परिसरभन्दा बाहिर संचालन गरेको टिनको छानो बाँसको बेरा भएको खाजा घरको छानो उडाइ अन्दाजी मूल्य रु ८० हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । हावाहुरीले केही फुसका घरहरु उडाएको छ भने बिजुलीका पोल र रुखहरु ढलेका छन् । बिजुलीको पोल ढल्दा विद्युत आपूर्ति अवरुद्ध भएको छ ।

त्यस्तै, मकै, तरकारी, फलफूल बालीमा नोक्सान पुगेको छ । पूर्वपश्चिम राजमार्ग उत्तरमा हावाहुरीले क्षति गरेको जनाइएको छ ।

## विष्टको हत्या आरोपमा दुई पक्राउ
# आज सार्वजनिक गरिँदै

झापा(प्रस) । बिर्तामोड-४ कालिकानगर निवासी ६८ वर्षीया विष्णुमाया विष्टको हत्या आरोपमा दुई जनालाई प्रहरीले पक्राउ परेको छ । बिष्टको हत्या भएको २० दिनपछि घटनामा संलग्न भएको आरोपमा बुधवार प्रहरीले बिर्तामोडका गंगा चौधरी र अर्का एकजनालाई पक्राउ गरेको प्रहरी स्रोतले जनाएको छ । त्यसबारे जानकारी दिन बिहीवार जिल्ला प्रहरी कार्यालयमा पत्रकार सम्मेलन गरिने जनाइएको छ । ' आज बिहीवार जिल्ला प्रहरी कार्यालयमा पत्रकार सम्मेलन गरी अभियुक्त



सार्वजनिक गर्छौं' झापा प्रहरी प्रमुख एसपी मिलन केसीले भने । गत बैशाख २६ गते झापाको बिर्तामोड नगरपालिका-४ स्थित कालिकानगरमा मध्यरातमा आफ्नै घरभित्रै विष्णुमाया विष्टको हत्या भएको थियो । हत्याराको खोजीका लागि प्रहरीको चार वटा टोली लगातार खटिएका थिए । कुनै सुराक फेला पार्न नसकेका कारण केही ढिला आरोपी पक्राउ परेको प्रहरी स्रोतको दावी छ । घटना भएपछि सिआइबीको टोली, प्रदेश टोली, जिल्ला प्रहरी र इलाका प्रहरी कार्यालय बिर्तामोडको गरी चार वटा टोलीले संयुक्त अनुसन्धान गरिरहेका थिए । बैशाख २६ गते घरमा एक्लै भएको अवस्थामा विष्ट मृत अवस्थामा भेटिएकी थिइन् । उनको खन्तीले हानेर हत्या गरिएको थियो । प्रहरीले घटनाको अनुसन्धानका लागि धरानबाट प्रहरी कुकुरसमेत मगाएको थियो । कुकुरले घरको पश्चिम दक्षिणतर्फ केही सङ्केत दिएपनि लिटल फ्लावर्स स्कुल दक्षिण पुगेपछि अलमलिएको थियो ।

## एमाले बिर्तामोडको अधिवेशनमा भट्टराई प्यानल नै विजयी

झापा(प्रस) । नेकपा एमाले बिर्तामोडको दोस्रो नगर अधिवेशनमा सुवास भट्टराईको सिंगो प्यानलले नै जीत हासिल गरेको छ ।

मंगलवार राति शुरु भएर बुधवार बिहान सम्पन्न मतगणनामा भट्टराई नेतृत्वको प्यानलले नै जीत हासिल गरेको हो । अध्यक्षका उम्मेदवार भट्टराईले २६८ मत ल्याएर जीत हासिल गरेका हुन् ।




उनका प्रतिष्पर्धी शेखर कँडेलले १९९ मत पाएका छन् । त्यस्तै उपाध्यक्षमा भट्टराई प्यानलका मदन बुढाथोकीले ३२३ मत ल्याएर विजय हासिल गर्दा उनका प्रतिष्पर्धी कँडेल प्यानलका राहुल शर्माले १३४ मत प्राप्त गरेका छन् । बुढाथोकी बिर्तामोड ३ र शर्मा बिर्तामोड ४ का वडाध्यक्ष हुन् । त्यस्तै खुल्ला सचिव पदमा भट्टराई प्यानलकै अम्बिका लिङ्देन विजयी भएका छन् । लिङ्देनले २३८ मत ल्याउँदा कँडेल प्यानलका लक्ष्मीप्रसाद बाँस्कोटाले २१० मत पाएका छन् । त्यस्तै खुल्ला उपसचिव पदमा भट्टराई प्यानलका गंगालाल राजवंशीले २२२ मत ल्याएर जितिरहँदा कँडेल प्यानलका हिमाल कन्दङ्वाले २२० मत पाएका छन् । त्यस्तै महिला उपसचिवमा पनि भट्टराई प्यानलकै डिल्लीमाया आचार्यले २५४मतसहित निर्वाचित हुँदा कँडेल प्यानलकी चन्द्रकला संग्रौला पकुवालले १७६ मत पाएकी छन् । त्यस्तै लेखा कमिटीको उपाध्यक्षमा भट्टराई प्यानलका दिनेश अधिकारी २११ मतसहित निर्वाचित भएका छन् भने कँडेल प्यानलका किशोर कुमार पौडेल पराजित भएका छन् । बिर्तामोड २ का वडाध्यक्ष पौडेलले १८८ मत ल्याएका छन् । त्यस्तै स्वतन्त्र उम्मेदवारी दिएका सुमन त्रिखत्रीले मात्र ३५ मत पाएका छन् । त्यस्तै लेखा कमिटीको सचिवमा भट्टराई प्यानलकै हिमाल मैनाली २२२ मत ल्याएर विजयी भएका छन् भने कँडेल प्यानलका उनका प्रतिष्पर्धी ढाँचाराम कडरियाले १९९ मत ल्याएका छन् । त्यस्तै लेखा कमिटी सदस्यहरुमा विष्णुप्रसाद आचार्य २८८ , लक्ष्मी रोका २७९ र सुजन दाहाल २६८ मतसहित निर्वाचित भएका छन् । पराजित राजन घतानीले २०३ मत पाएका छन् । कुल ५०४ मतदाता रहेको अधिवेशनमा ४८८ जनाले मतदान गरेका थिए । भट्टराई दोस्रो कार्यकालका लागि अध्यक्ष बनेका हुन् । अध्यक्षमा वर्तमान नगर कमिटीका अध्यक्ष भट्टराई र सचिव कँडेलले प्रतिष्पर्धा गरेका थिए ।



# एकसय ५० परिवारलाई झुल बितरण



काँकरभिट्टा(प्रस) ।गणतन्त्र दिवसको अवसर पारेर नेकपा (माओवादी केन्द्र) मेचीनगरले एकसय ५० परिवारलाई झुल बितरण गरेको छ। माओवादी मेचीनगर र वडा नम्बर ७ को आयोजनामा मंगलबार मेचीनगर-७ स्थित सतीघट्टा चिया बगानका श्रमिकलाई झुल बितरण गरिएको हो।

१७ औ गणतन्त्र दिवसको अवसर पारेर मेचीनगर ७ स्थित सतीघट्टा चिया बगानको गोमनसरीस्थित खान्द्रु टोल, नमुना टोल र चिया बगान १२ नम्बर इकाईमा गरेर एकसय ५० परिवारलाई झुल बितरण गरिएको जनाइएको छ। जनताका दुःख सुखमा साथ र सहयोग गर्दै उनीहरुलाई पार्टीसँग जोड्ने उद्धेश्यले झुल बितरण गरिएको नगर अध्यक्ष राजन चिमरियाले बताएका छन्।

झुल बितरण कार्यक्रममा नगर अध्यक्ष राजन चिमरिया, उपाध्यक्ष बद्रीनाथ फुयाल (बिएनपी), सचिव ज्ञानेन्द्र घिमिरे, कोषाध्यक्ष दिनेश ओली, पार्टीका मेचीनगर ७ का अध्यक्ष कृतिनिधि गौतम, ६ का अध्यक्ष ध्रुब गिरीलगायतको उपस्थिति रहेको थियो। सामाजिक तथा ब्यवसायी ब्यक्तित्व राजन चिमरियाले गत बैशाख २७ गते २१ औं वैवाहिक बर्षगाँठको अवसर पारेर नगरका १५ वटै वडामा एक सयका दरले झुल वितरण गर्ने घोषणा गरेका थिए। उक्त अभियानअन्तरगत नगर र वडा पार्टीसँगको सहकार्यमा झुल बितरण गरिएको चिमरियाले बताए।

अघिल्ला प्रत्येक बर्षहरुमा जन्मदिन र वैवाहिक वर्षगाँठको अवसरमा समाजमा बिभिन्न समस्यामा पर्दै आएका बिपन्न समुदायलाई सहयोग पुर्याउँदै आएका चिमरियाले यस बर्ष झुल बितरण अभियान सञ्चालन गरेका हुन्।

उनले २१ औं वैवाहिक वर्षगाँठको अवसरमा गत बैशाख २७ गते मेचीनगर-८ को टोकला बगानका श्रमिकहरुलाई एकसय ५० थान झुल बितरण गरेर अभियानको सुरुवात गरेका थिए। रीतिका डेरी उद्योगका सञ्चालकसमेत रहेका चिमरियाले आफ्नो जन्मदिन कातिक १६ गते र वैवाहिक बर्षगाठमा प्रत्येक बर्ष सामाजिक सेवाअन्तरगत दीनदुःखीलाई सहयोग गर्दै आएका छन्।


## सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.
## आन्तरिक डेकोरेशन शिलबन्दी कोटेशन आव्हान

**प्रथम पटक प्रकाशित मिति : २०८१/०२/१६**

**सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मुल कार्यालय बिर्तामोड-२ को सेवाकेन्द्र अमरदह र इटाभट्टाको आन्तरिक डेकोरेशन गर्न इच्छुक फर्म/कम्पनीबाट आवश्यक कागजहरु संलग्न राखी १५ दिनभित्र शिलबन्दी कोटेशन आव्हान गरिन्छ।**

शर्तहरु :

१. फर्मको नाम, ठेगाना,भ्याट नम्बर,सम्पर्क नम्बर,फर्मको छाप,हस्ताक्षर स्पष्ट लेखिएको हुनु पर्ने छ ।
२. फर्मको लेटर प्याडमा कोटेशन प्रस्तुत गरिएको निवेदन लेख्नु पर्ने छ ।
३. कोटेशनमा फर्मको व्यवसाय प्रमाणपत्र,कर चुक्ता(चालु आ.व.)स्थायी लेखा नम्बर,मूल्य अभिवृद्धि कर,दर्ता प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरुको फोटोकपी संलग्न हुनु पर्ने छ ।
४. समय नाघि वा रीत पुरा नगरी प्राप्त भएका कोटेशनलाई मान्यता दिइने छैन ।
५. सेवाकेन्द्र अमरदह र इटाभट्टाको आन्तरिक डेकोरेशन Detail, Designing,Drawing,BOQ,Furniture plan मा उल्लेख भए अनुसार गर्नु पर्नेछ साथै BOQ भर्दा प्रति आईटमको दररेट Detail र योगफलसहित पूर्ण रुपमा भर्नु पर्नेछ यदि छुट हुन गएमा संस्था जवाफदेही हुने छैन ।
६. कोटेशन स्वीकृत गर्ने,नगर्ने,रद्ध गर्ने,डेकोरेशन कार्यको अनुगमन गर्ने र सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. एक पटक पेश गरिएको शिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न पाईने छैन ।
८ बोलपत्रको ५ प्रतिशत धरौटी रकम संस्थाको खतामा जम्मा गर्नु पर्नेछ र सो रकममा कुनै किसिमको ब्याज उपलब्ध गराइने छैन साथै आन्तरिक डेकोरेशन सन्तोषजनक नभएमा धरौटी रकम फिर्ता हुने छैन ।
९. दरखास्त बोलपत्रको जम्मा रकम सेवाकेन्द्र अमरदहको रु १६,५०,०००/- र सेवाकेन्द्र इटाभट्टाको रु १६,८५,०००/-(भ्याटसहित) भन्दा कम रकमको हुनु पर्नेछ ।
१०. भ्याट बिलको १.५ प्रतिशत रकम ठेक्का कर वापत रकम कट्टा गरी आन्तरिक राजस्व कार्यालयमा जम्मा गरिनेछ ।
११. फर्मले सेवाकेन्द्र डेकोरेशन हस्तान्तरण गरेको मितिले ६ महिनाभित्र डेकोरेशनमा समस्या देखिएमा निर्माण कम्पनीले मर्मत गर्नु पर्नेछ ।
१२. सेवाकेन्द्र डेकोरेशन गर्नको लागि फर्निचर ब्यवसाय र इन्टेरियर डिजाईन गर्ने फर्मले मात्र कोटेशन प्रस्तुत गर्न सक्ने छन् साथै कोटेशनमा ब्यवसाय संचालन गरेको समय अवधि,कुन कुन संस्थाको आन्तरिक डेकोरेशनको कार्य गरेको हो अनुभव प्रमाणपत्र संलग्न हुनु पर्ने छ यदि प्रमाणपत्र संलग्न नभएमा कोटेशन रद्द हुनेछ ।
१३. यो सूचना प्रकाशित भएको मितिले १६(सोह्रौं) दिनका दिन संस्थाको मुल कार्यालयमा बोलपत्र खोलिनेछ र सो दिन कार्यालय बिदा पर्न भएमा बिदापछि लगतै कार्यालय खोलिएको दिन खोलिनेछ ।
१४. प्रस्तावित बोलपत्र,बि.ओ.क्यु. र नक्सा रु १०००(फिर्ता नहुने गरि) तिरी मुल कार्यालयबाट खरिद गर्न सकिनेछ ।
१५. कोटेशन सम्बन्धमा केहि अस्पष्टता भए संस्थाको मुल कार्यालयमा सम्पर्क गरि स्पष्ट हुनु सकिनेछ ।

**सहारा नेपाल (साकोस) लि.**
मुल कार्यालय,बिर्तामोड-२,चारपाने
**फो.न. ०२३-५४११९८**



## बालबालिकाप्रति असल व्यवहार गरौं

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं,
- उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौँ,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल
बिर्तामोड ५, झापा
## शिलबन्दी दरभाउ-पत्र आह्वान सम्बन्धि सूचना

प्रकाशित मितिः २०८१/०२/१७

आ.व.२०८१/०८२ को लागि मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल, विर्तामोड, झापालाई तपशिलमा उल्लेखित सेवा संचालन र सामग्रीहरु आपूर्ति गर्नुपर्ने भएकाले इच्छुक इजाजत प्राप्त सेवा सञ्चालक तथा सप्लायर्सहरुले आवश्यक कागजात समेत संलग्न राखी आफूले सप्लाइ गर्न चाहेको सामाग्रीको ब्रान्ड र कवोल गरेको दररेट रकम अंक र अक्षरमा प्रष्ट बुझिने गरी उल्लेख गर्दै अस्पतालले उपलब्ध गराएको फारम यो सूचना प्रथमपटक प्रकाशित गरेको मितिले २१ दिन भित्र कार्यालय समय भित्र (शनिवार बाहेक) अस्पतालको प्रशासन शाखाबाट फारम लिइ सिलवन्दी दरभाउ पत्र सुचिकरणको लागी पेश गर्न आव्हान गरिन्छ।

सूचिकरण गरिएका सप्लायर्सहरु मध्ये प्राप्त दर–भाउ-पत्रहरुलाई छानविन गरी अन्तिम निर्णय गर्ने सम्पूर्ण अधिकार अस्पतालमा निहित रहेको व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

१. ल्यावका रिएजेन्ट, अन्य ल्याव आइटम तथा केमिकल्स
२. सर्जिकल आइटमहरु
३ सर्जिकल इन्स्ट्रुमेन्टहरु
४. क्लिनीङ यूटिलीटी आइटम (सरसफाईका सामग्री)
५. स्टेशनरी सामानहरु
६. छपाई सम्वन्धि कामहरु
७. कम्प्यूटर, प्रिन्टर, पार्टस तथा टोनर रिफिलिङ्ग
८. ईलेक्ट्रिकल्स सामग्रीहरु
९. लण्ड्री सेवा सम्वन्धी आइटमहरु
१०. जेनेरेटर मर्मत सेवा र पार्टसहरु
११. AC मर्मत सेवा र पार्टसहरु
१२. तोकिएका मेडिसिनहरु
१३. डेन्टल आइटमहरु
१४. अर्थो इम्प्लान्ट आइटमहरु
१५. प्लम्विङ्गका सामग्रीहरु
१६ डाइलोसिस सम्वन्धीत सम्पुर्ण सामाग्रीहरु
१७ अस्पतालको युनिर्फम तथा लिनेन(Linens) सम्वन्धी सामाग्रीहरु

संलग्न गर्नुपर्ने कागजातहरु सम्वन्धमा

- सप्लाइ गर्ने सेवा र सामाग्री सम्वन्धी अस्पतालले उपलव्ध गराएको फर्म भरि संलग्न राख्नुपर्ने
- कम्पनी/फर्म दर्ता प्रमाणपत्र
- स्थायी लेखा नम्बर प्रमाणपत्र (VAT/PAN)
- करचुक्ता प्रमाणपत्र (latest)
- आफुले सप्लाई गर्ने सामाग्रीको producer/ importer/ Distributer/आधिकारिक विकेता मध्ये आफु जे हो सो को आधिकारिक कागजातहरु।

विस्तृत जानकारीको लागी सम्पर्कः
मनमोहन मेमोरीयल सामुदायिक अस्पताल
विर्तामोड, झापाको प्रशासन शाखा
फोन नं. ०२३५३५२५१

Email- manmohan.procurement@gmail.com



असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

## कर्जा बुझाउने सम्बन्धी १५ दिने सूचना
प्रथम पटक प्रकाशित मितिः २०81/2/17

यस संस्थाको बचत तथा ऋण ब्यवसाय अन्तरगतको सेवाकेन्द्रसँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ। अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपशिलः**

| क.स. | ऋणीको नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पतिर पत्नी | जग्गाधनीको नाम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|
| 1 | शर्मिला कुमारी चौधरी | बिर्तामोड ४ | भोला चौधरी | ओम प्रकाश चौधरी | ओम प्रकाश चौधरी | शर्मिला कुमारी चौधरी | विर्तामोड |
| 2 | देवेन्द्र खरेल | गरामनी २ | कृष्ण प्रसाद खरेल | – | – | देवेन्द्र खरेल , कृष्ण प्रसाद खरेल | विर्तामोड |
| 3 | tf<f ;fsL{ | lj tf{df* 8 | lj<dfg ;fsL{ | dfg lj< ;fsL{ | led jxfb'/ ;fsL{ | tf<f ;fsL{ bnjxfb'/ ;fsL{ kmhdfof ;fsL{ | गरामनी |
| 4 | #g]b|sdf< kf)*] | lj tf{df* 8 | v*\u k|;fb kf)*] | efg'k|;fb kf)*] | <hgL <fpt | #g]b|sdf< kf)*] | गरामनी |
| 6 | #gZofd e)*f<L | lj tf{df* 7 | मुक्तिनाथ भण्डारी | bJL k|;fb e)*f<L | lgd{nfbJL l#ld<] | मुक्तिनाथ भण्डारी | गरामनी |
| 6 | लिला बहादुर कुमाल | अर्जुनधारा ३ | पूर्ण बहादुर कुमाल | &hf]anaxfb'/ sdfn | कुमारी माया कुमाल | लिला बहादुर कुमाल | खुदुनाबारी |
| 7 | कृष्ण मैनाली | विर्तामोड-१० | विष्णु प्रसाद मैनाली | खड्ग प्रसाद मैनाली | लिला सुवार | s[)f d}gfnL | सैनिकबजार |
| 8 | लिला सुवार | विर्तामोड-१० | इन्द्र प्रसाद सुवार | bJL k|;fb ;'jf< | s[)f d}gfnL | s[)f मैनाली | सैनिकबजार |
| 9 | दिपक मैनाली | विर्तामोड-१० | विष्णु प्रसाद मैनाली | खड्ग प्रसाद मैनाली | सुम्निमा सिटौला | विष्णु प्रसाद मैनाली/ दिपक मैनाली | सैनिकबजार |
| 10 | सुम्निमा सिटौला | विर्तामोड-१० | डिल्लीराम सिटौला | राम सिटौला | दिपक मैनाली | विष्णु प्रसाद मैनाली/ दिपक मैनाली | सैनिकबजार |
| 11 | रमा देवी भट्टराई | विर्तामोड ९ | कुल प्रसाद ओली | लक्ष्मी प्रसाद ओली | धनपति भट्टराई | धनपति भट्टराई | सैनिकमोड |
| 12 | धनपति भट्टराई | बिर्तामोड ९ | <fd k|;fb e§<f0{ | पदमलाल भट्टराई | रमा देवी भट्टराई | धनपति भट्टराई | सैनिकमोड |
| 13 | गिता ओली | विर्तामोड ७ | लोकनाथ पोखेल | हरि प्रसाद पोखेल | पृथ्वी ओली | गिता ओली | सैनिकमोड |
| 14 | पृथ्वी ओली | विर्तामोड ७ | चन्द्र प्रसाद ओली | ददिराम ओली | गिता ओली | पृथ्वी ओली | सैनिकमोड |
| 15 | विष्णु माया खत्री | बिर्तामोड ५ | प्रेम बहादुर खत्री | | भक्त बहादुर गोदार | विष्णु माया खत्री | महानन्दचोक |
| 16 | सुनिता थारु | अर्जुनधारा ५ | गंगाराम सरदार थारु | | <fh'yf? | सुनिता थारु | महानन्दचोक |
| 17 | निरकला श्रेष्ठ | अर्जुनधारा ६ | गुरुदत्त दाहाल | | ;Ddfg >]& | निरकला श्रेष्ठ | महानन्दचोक |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
**बिर्ता–अर्जुन क्षेत्रीय उपसमिति**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कर्मकाण्डी बजेट

देशको वार्षिक आम्दानी र खर्चको अनुमान तथा करका दरहरूमा परिवर्तन गरेर अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्ने कोसिस सबै वर्षमा बजेटमा गरिन्छ । यस वर्षको बजेट पनि विगतकै निरन्तरताको रूपमा जेठ १५ गते मंगलवार प्रस्तुत भएको छ । यसै वर्षको बजेटले नितान्त नौलो भविष्य वा देशमा दूरगामी प्रभाव पार्ने कुनै ठोस घोषणा गरेको छैन भने यसले चल्दैआएको आर्थिक प्रणालीलाई भत्काउने वा बिगार्ने गरी असहज व्यवस्था पनि गरेको छैन । यस वर्षको बजेटमा केही सकारात्मक र केही नकारात्मक व्यवस्थाहरू गरिएका छन् जसको चिरफार गरेर नकारात्मकतालाई न्यूनीकरण गर्नुपर्ने अवस्था छ ।

नेपालको बजेटको सबैभन्दा ठूलो समस्यो पुँजीगत खर्च घट्दै जानु र साधारण खर्च बढ्दै जानु हो । साधारण खर्चभन्दा पुँजीगत खर्च धेरै भयो भने उत्पादनशील तथा पूर्वाधार निर्माणका क्षेत्रमा सरकारले धेरै लगानी गर्नसक्छ र त्यसबाट अर्थतन्त्रको अभिवृद्धि हुन्छ । यास आर्थिक वर्षको बजेटले साधारण खर्च १ अर्बले घटाएर पुँजीगततिर ५० अर्ब बढाएको छ । तर, पुँजीगत खर्च गर्न साधन र स्रोत दुवैले सकिँदैन भने साधारण खर्च नियन्त्रणमा रहँदैन । त्यसैले अघिल्लो वर्षको तुलनामा पुँजीगत खर्च बढाउनु पर्छ भन्ने सोच मात्र भए पनि बजेटले राखेको देखिन्छ । आर्थिक वर्ष २०८१/०८२ को १८ खर्ब ६० अर्ब ३० करोड कुल बजेटमा विकास खर्च ६१.३१ प्रतिशत (रु. ११ खर्ब ४० अर्ब ३५ करोड) रहेको छ भने पुँजीगत खर्च केबल १८.९४ प्रतिशत (रु. तीन खर्च ५२ अर्ब) र वित्तीय व्यवस्थापनतर्फ १९.७४ प्रतिशत (रु. तीन खर्ब ६७ अर्ब १८ करोड) रहेको छ । वित्तीय व्यवस्थापन भनेको पुराना ऋणको साउँ र ब्याज तिर्न विनियोजित रकम हो । यसको मतलब सरकारले विकास निर्माण कार्यमा यस वर्ष साढे तीन खर्बमात्र खर्च गर्न सक्छ । तर, यही रकम पनि हाम्रो राजस्वले धान्दैन र यसका लागि वैदेशिक ऋणको भर पर्नुपर्ने हुन्छ । जति विदेशी ऋणको भार थपिँदै गयो त्यति नै विकासमा पुँजीगत खर्च घट्दै जान्छ, अर्थतन्त्र शिथिल हुँदै जान्छ ।

यस वर्षको बजेटले ६ प्रतिशत आर्थिक वृद्धि गर्ने लक्ष्य लिएको छ जुन आफैँमा बढी महत्वाकांक्षी त होइन तर उपभोक्ताको क्रयशक्ति घट्दो र आत्मविश्वास कम भएको वर्तमान अवस्थामा यो लक्ष्य पूरा गर्न सरकारलाई हम्मे हम्मे पर्ने देखिन्छ । त्यसमाथि मुद्रास्फीति ५.५ प्रतिशत रहने अर्थमन्त्रीकै अनुमान छ । यस हिसाबले हेर्दा अर्थतन्त्र भनेकै दरमा बढे पनि मुद्रास्फीतिका कारण खास वृद्धि भने नगण्य हुनेछ । तर, मुद्रास्फीति अनियन्त्रित हुने र आर्थिक वृद्धिको लक्ष्य नभेटिने हाम्रो पुरानै आर्थिक रोग हो । अर्थात्, हामी यो वर्षभन्दा अर्को वर्ष आर्थिकरूपमा कमजोर नै हुने अवस्था देखिएको छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# प्रशासनमा नवीनतम प्रवृत्ति



• रमेश घिमिरे

सरकारको दायित्व भनेको जनताका लागि झन्झटरहित सार्वजनिक सेवा प्रदान गर्नु हो । सार्वजनिक सेवाको कारोबार लागत न्यून हुनु पर्छ । सेवा लिँदा सेवाग्राहीलाई कुनै भारको अनुभूति हुनु हुँदैन । बरु उमङ्ग महसुस हुने खालको हुनु पर्छ । यसका लागि सार्वजनिक सेवामा विविध अवधारणा विकास भएको पाइन्छ । तिनको सैद्धान्तिक पक्षसँग नेपालले कति सामञ्जस्य कायम गर्न सकेको छ भन्ने विषयमा यहाँ समीक्षा गर्ने प्रयत्न गरिएको छ ।

डिजिटल शासनको बढोत्तरी

पहिले डिजिटल शासन अवलम्बन गर्नु राम्रो मात्र भन्ने गरिन्थ्यो । सन् २०२० मा कोभिड महामारी नियन्त्रणको नाममा भएको बन्दाबन्दीपछि डिजिटल शासन अनिवार्य र गर्नै पर्ने प्रवृत्ति बनेको छ । यसका लागि थप डिजिटल सिपमैत्री कर्मचारी तयार गर्ने, डिजिटल पूर्वाधार विकास गर्ने र नागरिकसँग जोडिन थप सफ्टवेयर र हार्डवेयरमा लगानी गर्ने क्रम विश्वभर बढ्दो छ ।

नेपालमा पनि डिजिटल शासनको सुरुवात र प्रयास भइरहेको छ । पूर्वाधार बनेका छन् । कर्मचारीलाई प्रविधिमैत्री बनाउने काम ढिला गतिमा भए पनि भइरहेको छ । सेवाग्राहीलाई सञ्जालमा जोड्ने काम पनि भइरहेको छ तर यो काम एकीकृत नभई छरिएर भइरहेको छ । कर्मचारीको अगाडि कम्प्युटर र सबै कम्प्युटरमा इन्टरनेट हुँदैमा डिजिटल शासन हुँदैन । टाइप गरेर प्रिन्ट गर्ने र पत्र स्क्यान गरेर वेभसाइटमा राख्ने कामलाई डिजिटल शासन भनिँदैन । सेवाग्राहीले घरमै बसेर अनलाइन आवेदन दिन सक्ने र इमेलमै सेवा प्राप्त हुने प्रणालीलाई डिजिटल शासन भनिन्छ ।

सबै सेवा पूर्ण डिजिटाइज गर्न मिल्दैन । मिल्नेसम्मको गर्ने हो । त्यस्तै सबै सेवाग्राही डिजिटल सेवा लिन सक्षम पनि हुँदैनन् । डिजिटल सेवालाई प्रोत्साहन गर्ने र नसक्नेका लागि परम्परागत सेवाको पनि निरन्तरता दिनु पर्छ । तथापि एकातिर सरकारी संस्था र कर्मचारीलाई सक्षम बनाउने र अर्कातिर सेवाग्राहीलाई तयार बनाउने कार्य सँगै लैजानु पर्छ ।

**सूचना व्यवस्थापनमा बढोत्तरी**

सबै बासिन्दाको आधिकारिक र पूर्ण सूचना सरकारसँगै हुन्छ । सरकार र निजी क्षेत्रलाई सूचनाको महत्व बढ्दै गएको छ । सूचनाको महत्व वृद्धि गर्न नयाँ तरिका विश्वका सरकारले अवलम्बन गरिरहेका छन् । भविष्यको प्रक्षेपण र व्यवसाय वृद्धिका लागि सूचनाको सही र नैतिक ढङ्गले उपयोग भइरहेको छ ।

नेपालमा सूचना भण्डारणका लागि डाटाबेसहरू तयार गरिएका छन् । यसको व्यवस्थापन र बहुउपयोगको सम्बन्धमा भने अझै काम गर्न बाँकी छ । डाटाबेस अनलाइनमा राखिएको छ । निर्वाचन आयोग, जिल्ला प्रशासन कार्यालय, बैङ्क, कर्मचारी सञ्चय कोष सबैले बायोमेट्रिक लिन्छन् । एउटा निकायले सेवाग्राहीको डाटा लिएपछि जुन सुकै निकायमा जाँदा पनि ग्राहकलाई चिन्ने गरी डाटालाई सेयरिङ गर्ने र उपयोग गर्ने कार्य गर्न भने बाँकी छ । बैङ्क, बिमादेखि उद्यम व्यापारका लागि सरकारी डाटाबेस उपयोगी हुन्छ तर यसको उपयोगितालाई प्रवर्धन गर्ने सुरसार सुरु भएको छैन ।

**अग्रिम सेवा प्रवाह**

नागरिक एक आपसमा अत्याधुनिक प्रविधिबाट अन्तर्क्रिया गर्छन् । निजी कम्पनीले ग्राहकलाई नमागी तत्काल सेवा दिन्छन् । सिमलेस सर्भिस डेलिभरी भएका उदाहरण पनि छन् । जस्तो कि गर्भवती महिलाका लागि सरकारले केही स्किम ल्यायो भने त्यस्ता महिलाको मोबाइलमा स्वतः सन्देश जाने । यसका लागि चाहिने पूर्वाधार भनेको डिजिटल शासनकै पूर्वाधार हुन् ।

कर प्रशासनबाट यस्तो सेवा प्रयोग भएको पाइन्छ । जनताले अधिकारको रूपमा पाउने सेवाभन्दा जनताको कर्तव्य सम्झाउन मात्र यस्ता सेवाको प्रयोग भएको पाइन्छ । बाढी, भूकम्प, हावाहुरी, असिनापानी जस्ता विपत्को अग्रिम सूचना झनै महत्वपूर्ण हुन्छ ।

सेवाग्राहीले पनि सेवा लिने क्षमता पनि विकास गर्नु पर्छ । जस्तो कि ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न वडा कार्यालय आउनुस् भनेर एसएमएस पठाए पनि उनीहरूले हेर्न बुझ्न सक्दैनन् ।

**एकीकृत साइबर सुरक्षा**

साइबर अपराधीले डिजिटल शासन र अग्रिम सेवालाई एकै पटक ध्वस्त पार्न सक्छन् । त्यसैले सम्पूर्ण साइबर सुरक्षाका लागि जनशक्ति तयार गर्ने र प्रविधि विकास गर्ने कार्यमा सरकार लाग्नु पर्छ । यसमा हाम्रो तयारी पछाडि परेको र कम प्राथमिकतामा परेको देखिन्छ । विद्युतीय माध्यमबाट गाली बेइज्जती, यौन हिंसा, मानमर्दन गरेमा साइबर अपराध मानिन्छ । आक्रमण, फ्रड, चोरी, सम्पत्ति नष्ट गर्ने कार्य नियन्त्रणमा भने कम प्रयत्न भएको देखिन्छ ।

**विविधता, समता र समावेशीकरण**

विगतको शासन प्रणाली र नीतिबाट प्रणालीगत असमानताहरू सिर्जना भएका थिए । अहिले त्यसलाई सच्याउन सरकार लागि परेको छ । सरकारी सेवा सबैले प्राप्त गर्ने खालका बनाउने र वञ्चितीकरणमा परेका सँगै मिलेर सेवाको सिर्जना गर्ने विधि अवलम्बन हुनु पर्छ । कानुनी रूपले यसमा सम्बोधन भएको छ । सबैलाई सम्बोधन हुने गरी सेवा प्रवाहलाई विविधीकरण गर्नेतर्फ भने खासै ध्यान दिइएको छैन ।

**लचिलो र दूर कार्यस्थल**

कर्मचारीहरू कार्यालयमै गएर काम गर्नुपर्ने र सेवाग्राहीले कार्यालयमै गएर सेवा लिनुपर्ने अवस्थामा कोभिड महामारीपछि परिवर्तन आएको छ । टेलिमेडिसिन, भिडियो कन्फ्रेन्स, अनलाइन कक्षा, अनलाइन परामर्श लागु भएको छ । यसले सुगम र दुर्गम भन्ने भौगोलिक बाधा पनि अन्त्य गरेको छ । यसको प्रयोग भएको छ तर यो भरपर्दो छैन । सरकारी कर्मचारी अनलाइन सम्पर्क नहुने र एकोहोरो सन्देश छोड्दा समयमा जवाफ नआउने समस्या सेवाग्राहीले भोगेका देखिन्छन् । राष्ट्रिय सतर्कता केन्द्रले सिट छड्के गर्दा पोसाक लगाएर सिटमा बसेको भए अनुशासित कर्मचारी मानिन्छ । कर्मचारीलाई जिम्मेवारी तोकिदिने र टेबुल कुर्सीमा उपस्थितिभन्दा पनि त्यो जिम्मेवारी सही ढङ्गले पूरा भयो, भएन भनेर मूल्याङ्कन गर्ने परिपाटी सुरु गर्न बाँकी छ ।

कोभिड महामारीपछि सरकार भनेको तुरुन्त, लचिलो र उद्देश्यमूलक हुनु पर्छ भन्ने देखिएको छ । सङ्कटको बेला सरकारले तुरुन्त मूल्याङ्कन गर्न र आत्मविश्वासका साथ अघि बढ्न सक्नु पर्छ । सार्वजनिक प्रशासन चुस्त हुनु पर्छ भन्ने सोचको विकास भएको पाइन्छ तर कानुन, कार्यविधि र विभिन्न निकायको पुरातन सोचमा परिवर्तन ल्याउन बाँकी भएको कारण सार्वजनिक प्रशासन फुर्तिलो बन्न सकेको देखिँदैन ।

**जनताको विश्वास**

परम्परागत सेवालाई अझ भरपर्दो र विश्वासिलो बनाएर जनताको विश्वास फर्काउने प्रयत्न गर्न सक्नु पर्छ । जस्तो कि तथ्याङ्क विभागले सूचना दिने, प्रहरीले कानुन कार्यान्वयन गर्ने, अनुसन्धान केन्द्रले अनुसन्धान गर्ने, वाणिज्य, नापतौल विभागले अनुगमन गर्ने, हुलाक, विद्युत् प्राधिकरणले सेवा बिक्री गर्ने, यातायात व्यवस्था कार्यालयले विकल्परहित सेवा दिने आदि । परम्परागत सेवालाई जनमैत्री र गुणस्तरीय बनाएर जनताको विश्वास फर्काउने कार्यमा हामी धेरै पछाडि देखिन्छौँ । नयाँ सेवामा दरिलो खुट्टा टेक्न बाँकी छ । पुराना सेवाबाट खुट्टा छोडिसकेको अवस्था छ । नयाँ सेवालाई अङ्गीकार गर्नुका साथै पुराना सेवालाई पुनर्जागरण गर्न आवश्यक छ ।

**चुनौतीहरू**

आर्टिफिसियल इन्टेलिजेन्स कम्पनीमा काम गर्ने जनशक्तिदेखि मोबाइलको मेसेज हेर्न नजान्ने मानिस छन् । त्यसैले डिजिटल साक्षरता बढाउन सचेतना अभिवृद्धि गर्नु पर्छ । साथै सेवालाई डिजिटाइज गर्दै गयो भने बाध्यताको कारण पनि साक्षर बन्न थाल्छन् । क्रमशः डिजिटल साक्षरता आफैँ बढ्दै जान्छ ।

सरकारी काम कहिले जाला घाम भन्ने उक्ति अब हट्नु पर्छ । 'भोलि आउनुस्/आज बिहानै हाजिर गरेर काममा निस्कनु छ/फोनमा कुरा हुँदैन, यहीँ आउनुस्/पहिलेदेखि यस्तै गर्दै आएको हो, हामी त यस्तै गर्छौं' जस्ता भनाइ अब सेवाग्राहीले सुन्न नपरोस् । कर्मचारीको आचरण र जोश जाँगरमा परिवर्तन ल्याउन आवश्यक छ । उनीहरूको व्यक्तित्वलाई स्मार्ट बनाउनु पर्छ ।

सबै सरकारी निकायले अनलाइन सेवाका लागि सफ्टवेयर र हार्डवेयरमा खर्च गरिरहेका छन् । अनलाइन सेवा एकीकृत डाटाबेस र सेवा प्रणालीका लागि हो तर छरिएर भएका काम एकआपसमा गाभिन नसक्दा लगानी शून्य मानेर पुनः एकीकृत प्रणालीका लागि ठुलो बजेट खर्च गर्नुपर्ने देखिएको छ ।

अन्त्यमा, विश्वमा स्वतःस्फूर्त रूपमा आएका नवीन प्रवृत्ति र अवधारणालाई लागु गर्न प्रयत्न गर्नु पर्छ । फलाम तातेको बेला पिटेर हतियार बनाउन सहज हुन्छ । भएका गल्ती र ढिलासुस्ती भई नै सके । अब बहुआयामिक सुधारलाई ध्यान दिएर अगाडि बढे प्रशासनलाई चुस्त, जनमैत्री र प्रभावकारी बनाउन सकिन्छ ।

# प्राविधिक शिक्षामा उल्टो हिंडाइ



• वसन्त आचार्य

नेपालमा बर्सेनि अर्बौं रुपियाँ प्राविधिक शिक्षाका नाममा परियोजनामार्फत आइरहेको छ । प्राविधिक शिक्षालाई प्रभावकारी बनाउने, गुणात्मकता वृद्धि गर्ने, रोजगार प्रदायक निकायसँग विद्यार्थी र शिक्षालयलाई जोड्ने, आवश्यक जनशक्ति र संरचना व्यवस्थापन गर्ने, प्रयोगात्मक अभ्यासलाई प्रभावकारी बनाउन ल्याब व्यवस्थापन गर्ने यावत् उद्देश्यले यस्ता परियोजना सञ्चालनमा रहेका छन् । परियोजनाका उद्देश्य हेर्दा प्राविधिक शिक्षाको क्षेत्रमा आशा गर्ने धेरै ठाउँ अवश्य पनि रहेका छन् । उद्देश्य र बजेट अनुकूल काम भएको छ या छैन, यसमा भने गम्भीर समीक्षा गर्नुपर्ने अवस्था रहेको छ ।

हामीकहाँ कागजी योजना बनाउने र कागजमै उपलब्धि खोज्ने प्रवृत्ति लामो समयदेखि हाबी हुँदै आएको छ । लगानी गर्दैमा त्यसले प्रतिफल दिन्छ भन्ने छैन । प्रतिफल दिनका लागि लगानी कसरी गरिएको छ भन्ने महत्वपूर्ण हो । उद्देश्य फराकिलो बनाएर, कागजी प्रक्रियामा गतिलो देखाएर मात्रै प्राविधिक शिक्षाको क्षेत्रमा गरिएको वैदेशिक लगानी सार्थक हुन्छ भन्न सकिँदैन । परियोजनाले पारेको प्रभाव मूल्याङ्कनका आधारमा विश्लेषण गर्ने हो भने प्राविधिक शिक्षाको विकासमा यसले खासै प्रभाव पारेको मान्न सकिँदैन । सिन्को भाँचेको देख्न सकिँदैन ।

केही दिनअघि यस्तै परियोजनाको कार्यक्रममा भाग लिने अवसर जुटेको थियो । कार्यक्रम पाँचतारे होटलमा आयोजना गरिएको थियो । दुई दिनसम्म आयोजना गरिएको कार्यक्रमको सारलाई हेर्दा अर्थ न बर्थ गोविन्द गाईं भन्ने खालको थियो । दुई दिनसम्म केवल योजना निर्माणको कुरालाई प्राथमिकतामा राखेर प्रशिक्षण प्रदान गरिएको थियो । लाखौँ रुपियाँ खर्च गरिएको गोष्ठी अनलाइनमा बिनाशुल्क सञ्चालन गर्दा पनि फरक नपर्ने खालको थियो ।

अहिले प्राविधिक शिक्षालय सञ्चालन गरेकाहरूलाई योजना होइन राम्रा प्रशिक्षक चाहिएको छ, राम्रो ल्याब चाहिएको छ । विद्यार्थीलाई पढ्दै कमाउँदै स्वरोजगार बनाउनका लागि कोष चाहिएको छ । बजारमा टिक्ने र बिक्ने बनाउनका लागि पाठ्यक्रममा परिवर्तन चाहिएको छ । पढ्नेबित्तिकै उद्योगसँग जोडिने बनाउनका लागि सहजीकरण चाहिएको छ । परियोजनालाई खर्च गर्न गोष्ठी चाहिएको छ, कसरी हुन्छ प्राविधिक शिक्षामा परिवर्तन ? प्राविधिक शिक्षालय कसरी सञ्चालन गर्ने भन्ने योजना निर्माण गर्न हामी आफैँ जानकार छौँ । त्यही नाममा करोडौँ रुपियाँ खर्च गर्नुपर्ने आवश्यकता देखिँदैन ।

नेपालमा सिटिइभिटीमार्फत स्विस सरकारले पछिल्लो तीन वर्षमा गरेको लगानी र त्यसको प्रतिफल कहीँ कतै पाइँदैन । प्राविधिक शिक्षामा वैदेशिक लगानीमा विशेष गरेर स्विस सरकार र युरोपियन युनियनको संलग्नता देखिन्छ । आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्मको चार वर्षको अवधिमा विनियोजन गरेको रकम हेर्ने हो भने स्विस सरकारमार्फत क्रमशः ६३ करोड, ७८ करोड, ५० करोड र ७१ करोड देखिन्छ भने युरोपियन युनियनमार्फत क्रमशः २७ करोड, २६ करोड, २८ करोड र नौ करोड देखिन्छ ।

यसरी आएको बजेट केवल सफ्टवेयर अर्थात् तालिम र गोष्ठीमा योजना निर्माण गरेर सकिएको छ । योजना निर्माणका लागि मात्रै यति धेरै बजेट खर्च हुनु वैज्ञानिक मान्न सकिँदैन । परियोजना लागु गरियो भनेर अनेकानेक प्रचारबाजी गर्ने, सहयोगको मोटो रकम पनि सार्वजनिक गर्ने, सिटिइभिटीको बजेटको आकार पनि बढाउने तर अधिकांश रकम कर्मचारी र कार्यालय व्यवस्थापनमा सीमित गरिनुले प्राविधिक शिक्षाको क्षेत्रमा खासै परिवर्तन आउन सक्दैन र आएको पनि छैन ।

अहिले सञ्चालन भइरहेको क्वालिटी परियोजना हेर्ने हो भने पनि करोडौँ पैसा यस्तै गोष्ठी र अन्तरक्रियामा सकिएको छ । वर्षमा दुई पटक प्राविधिक शिक्षालयका प्रमुखसँग छलफल गर्नुबाहेक यो वर्ष क्वालिटी परियोजनाले कुनै पनि काम गरेको छैन । अनुत्पादक कार्यक्रममा हुने सहभागिताको पनि अर्थ छैन । परियोजनाले गरेका काम देख्दा यी कर्मचारी व्यवस्थापनका लागि स्थापना भएका हुन् या शिक्षालय सुधारका लागि भन्ने अन्योल छ । विद्यालयसँग अनेकानेक तथ्याङ्क लिएर तथ्याङ्कै खेतीमा रमाउने परियोजना हामीलाई चाहिएको होइन । हामीलाई त हाम्रा समस्यासँग जुध्ने परियोजना चाहिएको हो ।

शिक्षालय सुधारका लागि योजना निर्माण पनि एउटा महत्वपूर्ण पाटो हो तर योजना निर्माणले मात्रै शिक्षालयमा सुधार हुन सक्दैन । आज कैयौँ शिक्षालयमा ल्याब व्यवस्थापन हुन सकेको छैन, तालिमप्राप्त दक्ष प्रशिक्षक छैनन्, विद्यार्थीलाई पढ्नका लागि कक्षाकोठा छैनन् । ग्रामीण भेगका प्राविधिक शिक्षालयले यसमा अझै धेरै सास्ती खेपिरहेका छन् । यी शिक्षालयसँग के गर्ने भन्ने योजना छ तर योजना कार्यान्वयनका लागि सहजीकरण र सहयोग गर्ने कोही पनि छैन । कैयौँ ठाउँमा प्राविधिक शिक्षा केवल नाममा मात्रै सीमित रहेको छ । खोइ त्यस्ता विद्यालयलाई परिवर्तनका लागि परियोजनाले भूमिका निर्वाह गरेको ?

परियोजना सञ्चालन हुनु, संरचना र स्रोतसाधनविहीन प्राविधिक शिक्षालयलाई सहयोग गरेर प्राविधिक शिक्षाको गुणस्तर वृद्धि गर्नु राम्रो कुरा हो । परियोजनाका नाममा सबै परिवर्तन केवल कागजमा मात्रै हुनुले स्रोतको दुरुपयोग भएको छ । यस्ता परियोजना सञ्चालन गरेर केवल केही कर्मचारी पाल्नुभन्दा ठुलो उपलब्धि देखिँदैन । सिटिइभिटीले पनि परियोजनाका नाममा जे सुकै गर्न छुट दिनु हुँदैन । परियोजना सञ्चालन भएर पनि केही परिवर्तन आउँदैन भने त्यस्ता परियोजना सञ्चालन गर्नुको कुनै पनि अर्थ रहँदैन । यस कारण परियोजना कस्तो खालको गर्ने हो र त्यसले कुनै पनि खालको परिवर्तन ल्याउँछ या ल्याउँदैन भन्नेबारेमा जानकारी लिएर मात्रै परियोजना सञ्चालनका लागि अनुमति प्रदान गर्नु पर्छ ।

भोक लागेको मान्छेलाई खाना आवश्यक हुन्छ न कि यसरी खायो भने भोक निको हुन्छ भनेर सल्लाह । यसरी खाना पकाउनु पर्छ । खानाका विशेषता यस्ता हुन्छन् भनेर उसका लागि चर्चा आवश्यक हुँदैन । शिक्षालय संरचना र जनशक्तिको भोकले आकुल व्याकुल बनिरहेका छन् तर परियोजनाहरूले विद्यालय सुधार योजनाका नाममा रकम खर्च गरिरहेका छन् । यसलाई रोक्न राज्यको दायित्व आवश्यक छ । सामान्यतया पाँचदेखि सात जनासम्मले काम गर्न सकिने परियोजनामा ३० भन्दा बढी मानिस परिचालन गरिएको छ । परियोजनाका यस्ता क्रियाकलाप हेर्दा केही सीमित व्यक्तिलाई रोजगार प्रदान गर्नका हेतु मात्र परियोजना सञ्चालन गरिएको त छैन ? एक पटक राज्यले तथ्यपरक ढङ्गले खोजीनीति गर्नुपर्ने हुन्छ । एकातिर प्राविधिक शिक्षाका नाममा मोटो रकम खर्च भइरहने अर्कातिर परिवर्तनको नाममा शिक्षालय एक कदम पनि अगाडि बढ्न नसक्ने यस्तो अवस्थाको अन्त्य हुनु पर्छ ।

परियोजनाले देखिने गरी सुधार गर्नका लागि आफूलाई केन्द्रित गर्नु पर्छ । नाम चलेका केही विद्यालयमा आफ्ना कार्यक्रम लागु गरेर बाहिर देखाउने बाटो बनाउनु हुँदैन । ग्रामीण भेगमा मर्नु न बाँच्नुको अवस्थामा रहेका शिक्षालयलाई कसरी सुधार गर्ने ? प्राविधिक शिक्षाको पछिल्लो समय खस्कँदो गरिमालाई कसरी जोगाएर लैजाने भन्ने कुरामा परियोजनाका काम केन्द्रित हुनु पर्छ । देखाउनका लागि सञ्चालन गरिएका परियोजना हाम्रा शिक्षालयलाई आवश्यक छैनन् ।

# एमाले र राप्रपाका कार्यकर्ता कांग्रेसमा प्रवेश



बिर्तामोड(प्रस) । नेकपा एमाले र राप्रपाका कार्यकर्ताहरु कांग्रेसमा प्रवेश गरेका छन् । एमालेको भ्रातृ संगठन युवा संघ बिर्तामोडका पूर्व अध्यक्ष डिल्लीराम सुब्बा, राष्ट्रिय प्रजातन्त्र पार्टी बिर्तामोड ५ का अध्यक्ष शेरबहादुर मादेन, राप्रपाकै योगराज गुरुङ र अनिल गुरुङ कांग्रेसमा प्रवेश गरेका हुन् । उनीहरुलाई नेपाली कांग्रेसका जिल्ला सचिव कृष्ण हुमागाईले पार्टी सदस्यता प्रदान गरेका थिए । उनले विभिन्न पार्टीमा छरिएर रहेका राजनैतिक कार्यकर्तालाई लोकतन्त्रको शितल छहारीमा गोलबद्ध हुन आव्हान गरे । नेपाली कांग्रेस बिर्तामोड ५ नं वडा समितिद्वारा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै नेता हुमागाईले आजको विश्व राजनीतिमा लोकतन्त्रको बिकल्प कुनै राजनीतिक प्रणाली नदेखिएको बताए । नेका बिर्तामोड ५ का सभापति दिपक मेन्याङबोको सभापतित्वमा भएको सो कार्यक्रममा महासमिति सदस्य राधा सुब्बा, आदिवासी जनजाति संघका बिर्तामोड नगर अध्यक्ष आनन्द गुरुङ, नवप्रवेशीका तर्फबाट शेरबहादुर मादेनलगायतले देशको उन्नति-प्रगतिका लागि कांग्रेसको लोकतान्त्रिक नीति र कार्यक्रम नै अपरिहार्य भएको भनाई राखेका थिए । वडा उपसभापति खगेन्द्र प्रसाईले स्वागत मन्तब्य राखेको कार्यक्रमको संचालन वडा सचिव राजेश नेपालले गरेका थिए ।

कार्यक्रममा बिर्तामोड नगर उपसभापति सूर्य कन्दङ्वा, ५ नं वडा अध्यक्ष रोहित प्रसाईं, पार्टीका ६ न. वडा सभापति आशिष गिरी, आदिवासी जनजाति संघ २ नं. क्षेत्रीय सभापति लवकुमार चौधरीलगायतले नवप्रवेशीलाई अबिर र खदाले स्वागत गरेका थिए ।

# लायन्स स्मार्ट लेडीले मरणोपरान्त आँखा दान गर्ने

बिर्तामोड(प्रस) । लायन्स क्लब अफ स्मार्ट लेडी बिर्तामोडले नेत्रहीनका लागि मरणोपरान्त आँखा दान गर्ने भएका छन् । लायन्स लेडी बिर्तामोडका पदाधिकारी तथा सदस्यहरुले बुधवार बिर्ताबजार स्थित झापा नेत्रहीन संघको कार्यालयमा एक कार्यक्रमकाबिच नेत्रहीनका लागि आफ्नो आँखा दान गर्ने घोषणा गरेका हुन् ।

लायन्स लेडी बिर्तामोडकी अध्यक्ष अन्जु खड्का, जोन चियर पर्सन पार्वता गिरी, प्रथम उपाध्यक्ष मन्जु उप्रेती, दोस्रो उपाध्यक्ष मिरा खड्का, तेस्रो उपाध्यक्ष यशोदा उप्रेती, सचिव सरु भुर्तेल खनाल, लायन्स लेडीहरु पुनम घिमिरे र उनकी सासु पवित्रा घिमिरे, लीला दंगाल, लक्ष्मी आचार्य, शिला भट्टराई, गोमा खड्कालगायतले आँखा दान गर्ने भएका छन् । उनीहरुले आफ्नो मृत्युपछि नेत्रहीनका लागि आँखा दान गर्ने भएका हुन् ।

सोही कार्यक्रमकाबिच नेत्रहीनलाई सहारा नेपाल साकोसले उपलब्ध गराएको सेतो छडी बितरण गरिएको थियो भने लायन्स लेडीले ब्रेल पेपरसमेत बितरण गरेको थियो । सहारा नेपाल साकोसका जेष्ठ सदस्य तथा लायन्सका प्रतिनिधिसहितले नेत्रहीनलाई २० वटा सेतो छडी र ब्रेल पेपर बितरण गरेका थिए । लायन्स क्लव अफ स्मार्ट लेडी बिर्तामोडकी अध्यक्ष अन्जु खड्काको अध्यक्षतामा भएको कार्यक्रममा लायन्सका डिस्ट्रिक क्याबिनेट सेक्रेटरी लीला चिमरियाको प्रमुख आतिथ्य रहेको थियो । तृतीय उपाध्यक्ष यशोदा उप्रेतीले झण्डा अभिवादन गरेको कार्यक्रममा प्रथम उपाध्यक्ष मन्जु उप्रेतीले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा प्रमुख अतिथि चिमरिया, सहारा नेपाल साकोसका जेष्ठ सदस्य तथा प्रतिनिधि मुकुन्द ढुङ्गाना, मेची आँखा अस्पतालका स्वास्थ्य शिक्षा अधिकृत युवराज बोहोरा, आँखा नानी संकलन केन्द्र इन्चार्ज पुण्यप्रसाद अधिकारी, झापा नेत्रहीन संघका अध्यक्ष होमनारायण राजवंशीलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन लायन्स लेडी बिर्तामोडकी सचिव सरु भुर्तेल खनालले गरेकी थिइन् । कार्यक्रममा लायन्स लेडी पार्वता गिरी, लायन्स डिस्ट्रिक चीफ सत्यनारायण शर्मा, झापा नेत्रहीन संघका उपाध्यक्ष उत्तम खतिवडालगायतको आतिथ्य रहेको थियो ।

# टेम्पोमा लागूऔषध ओसारपसार, तीन जना पक्राउ



झापा(प्रस)।टेम्पोमा राखेर लागूऔषध ओसारपसार गर्दै गरेका तीन जनालाई प्रहरीले विराटनगरबाट पक्राउ गरेको छ। भारतको जोगवनीबाट लागूऔषध लिएर आएको को २ ह ८३९० नम्बरको टेम्पोलाई पनि प्रहरीले विराटनगर महानगरपालिका-१५ स्थित खाकी बाब मन्दिरअगाडिबाट नियन्त्रणमा लिएको छ।

इलाका प्रहरी कार्यालय रानी र लागूऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको टोलीले टेम्पो नियन्त्रणमा लिएर चालक विराटनगर-६ का १९ वर्षीय छोटु सहनी, टेम्पोमा सवार विराटनगर-९ का ३० वर्षीय सञ्जय साह र विराटनगर-१६ का ३० वर्षीय पशुपति केवटलाई पक्राउ गरेको हो। मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतका अनुसार जोगवनीबाट आउँदै गरेको टेम्पोलाई शंका लागेपछि मंगलबार दिउँसो साढे ३ बजेतिर नियन्त्रणमा लिएर खानतलासी गरिएको थियो। त्यसक्रममा टेम्पोको पछाडि सिटमुनि लुकाएर राखिएको लागूऔषध नाइट्राभेट १ सय ७० ट्याब्लेट र प्यारोनिक्स स्पास १ सय २८ ट्याब्लेट बरामद भएको उनले जानकारी दिए।

पक्राउ परेकामध्ये टेम्पो चालक छोटुको साथबाट १२ हजार नेपाली रूपैयाँसमेत बरामद भएको डीएसपी बस्नेतले बताए। पक्राउ परेकाहरुविरुद्ध लागूऔषध ऐनअन्तर्गतको मुद्दा चलाउने प्रहरीको तयारी छ। यस सम्बन्धमा इलाका प्रहरी कार्यालय रानीका इन्सपेक्टर प्रकाश थापा नेतृत्वको टोलीले थप अनुसन्धान सुरु गरेको छ।

# कान्तिपुरका अध्यक्ष कैलाश सिरोहिया रिहा



झापा(प्रस)। कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहिया रिहा भएका छन्। जिल्ला प्रहरी कार्यालय, धनुषाले जिल्ला सरकारी वकिल कार्यालयको सहमतिमा सिरोहियालाई हाजिर जमानीमा रिहा गरेको हो।

अदालतबाट तीन पटकमा ९ दिन म्याद थपेर हिरासतमा राखिएका अध्यक्ष सिरोहियालाई तथ्य, प्रमाण र आरोपको गाम्भीर्यता हेरेर सरकारी वकिलको कार्यालयले आफन्तको जमानीमा छोड्ने निर्णय गरेको सिरोहियाका वकिल रमन कर्णले बताए। नागरिकतासम्बन्धी मुद्दामा सिरोहियालाई गत जेठ ८ गते काठमाडौंस्थित कान्तिपुरको कार्यालयबाट पक्राउ गरिएको थियो। उपत्यका अपराध अनुसन्धान कार्यालय काठमाडौंका एसएसपी सानुराम भट्टराई र एसपी रवीन्द्र रेग्मीको टोलीले सिरोहियालाई पक्राउ गरी धनुषा पुर्याएको थियो।

## आकाशबाट...

गरे । हामीले भोट पनि दियौ । तर उनीहरुको भाषण झुटा आश्वासन मात्र रहेछ,' पिउने पानीको समस्याका बारेमा यहाँका नेता जागरुक नभए आन्दोलन गर्ने स्थानीयले धम्की दिएका छन् ।

निर्वाचनताका भोट माग्न जाँदा उम्मेदवारले त्यही पानीको विषयलाई उठाएर मत पाउने गरेका थिए । मत पाउने नेता र जिताउने जनता चुनावताका एकै ठाउँमा थिए । अहिले जनता र नेताको दूरी यही समस्याले टाढा हुँदै गरेको छ । निर्वाचन जितेपछि उनीहरूले खानेपानीको समस्यालाई कानमा तेल हालेझैं गरेर सुनेको नसुने गरेको आरोप स्थानीयले लगाएका छन् । संग्रौलाले भने 'शिवसताक्षी नगरपालिकाको मेयर साहबले त फोन समेत रिसिभ गर्नुहुन्न । पटक पटक गर्‍यो भने बल्ल फोन रिसिव हुन्छ र कुरै नसकी फोन काटिदिनु हुन्छ । हामीले के बुझ्ने ?'

**ट्युवेल चलाउँदा दाँत झर्छ**

पानीको सतह सुक्दै जाँदा स्थानीयले गाडेका ट्युवेलमा पानीको थोपा आउँदैन। ४० देखि ८० फिटसम्मको गहिराईमा ट्युवेल गाडिएको छ। पानीका लागि मरिहत्ते गरेर ट्युवेल चलाए पनि हातमा ठेला उठ्छ तर जमिनमुनिको पानी माथि उठ्न सक्दैन। कतिपयको ट्युवेलको हेन्डिल फुत्केर चिउडो, दाँत र टाउको फुटेको छ । स्थानीय ताला सोरेनको निधार र छोरीको दाँत ट्युवेलको हेन्डिलले भाँचिदिएको छ ।

**बालीनाली पनि सुक्यो**

माघको दोस्रो सातादेखि असारको भेलको मुल नफुटुन्जेलसम्म यहाँका स्थानीयलाई पिउने पानीको समस्या हुन्छ । खडेरीले पानीको सतह सुकेपछि सैनिक बस्तीका बालीनाली पनि सर्लक्क सुकेका छन् । सुकेका बाली चौपायालाई घाँसको रुपमा काटेर दिने गरेको स्थानीयले बताए । उनले भने, 'मकै लगाएका थियौ । काम नदिने गरि सुक्यो ।'

सैनिक बस्तीको पाँचसय मिटर वरपर पिउने पानीको व्यवस्था छ । नुनमाटी दोमुखा खानेपानीको वडा स्तरको खानेपानी योजनाले सैनिक बस्ती ५ सय मिटर दूरी बाहिरका बस्तीमा पानीको सुविधा दिएको छ । उक्त आयोजनाका अध्यक्ष चन्द्रबहादुर बस्नेतले स्थानीयले पाइपको व्यवस्था गरे पानीको सुविधा उपलब्ध गराउन सकिने बताएका थिए । तर, स्थानीयसंग पाईप किन्ने पैसा छैन ।

**सांसद साँवाको फेरि प्रतिवद्धता**

झापा निर्वाचन क्षेत्र नम्बर ४ का सांसद एलपी सावाँले वडा नम्बर १० का दुई वटा बस्तीमा आफ्नै पहलमा पिउने पानीको व्यवस्था गरिएको बताए । तर, सैनिक बस्तीमा पानीको समस्या यथावत रहेको उनले स्वीकार गरे । 'यो वर्ष केही गर्न सकिएन । अर्को वर्ष पानीको सुविधा सैनिक बस्तीका स्थानीयले पाउने छन्,'उनले भने ।

पृथ्वी सबैको साझा घर हो ।
वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं ।
मानव हात्ती द्वन्दको अन्त्य गरौं ।

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरु:

- हात्ती आएको थाहा पाउने बित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्वार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्वार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विघुतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

थप जानकारीको लागि:
डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६

विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुन: सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदु:ख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठूलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ